# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०६।२५ गते

# प्रेस विज्ञप्ति

## अन्तर्क्रिया कार्यक्रम सम्पन्न।

---------------------------------------

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त माननीय नवीनकुमार घिमिरेको प्रमुख आतिथ्य तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराको आयोजनामा यही असोज २४ गते स्याङ्जा जिल्लामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

उक्त अन्तर्क्रिया कार्यक्रममा माननीय प्रमुख आयुक्त घिमिरेले स्थानीय तहमा भ्रष्टाचार सम्बन्धी उजुरीहरुको संख्या बढ्दै गरेको प्रसङ्ग उल्लेख गर्दै आयोगले सार्वजनिक पदाधिकारी र कर्मचारीका क्रियाकलापहरुलाई नजिकबाट नियालेको र आयोगको प्रवर्द्धनात्मक कार्यक्रम स्थानीय तहका वडासम्म पुर्याउने लक्ष्य रहेको बताउनुभयो । उहाँले राजनीतिककर्मीहरुलाई भ्रष्टाचारको ढोका देखाइदिने कार्य कर्मचारीहरुबाट नै हुनेगरेको तर्फ संकेत गर्दै मुलुकमा सुशासन कायम गर्नका लागि कानुन बमोजिम समयमै गुणस्तरीय कार्यसम्पादन गर्न कर्मचारीहरुलाई निर्देश गर्नुभयो । उहाँले संविधानको प्रावधान बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐन हाल संशोधनको क्रममा रहेकोले यस सम्बन्धी रहेको कानुनी अन्योलता छिट्टै नै हटेर जाने जानकारी समेत दिनुभयो।

प्रमुख आयुक्त घिमिरेले यतिबेला प्रणालीमा प्राथमिकता कि प्रवृत्तिमा हो भनेर त्यसको उपचार खोजिनुपर्ने अवस्था आएको बताउदै निर्माण व्यावसायीले ठेक्का लिने र लामो समयसम्म काम सम्पन्न नगरेका ठेक्काहरुको विवरण माग गरिसकिएकोले त्यसमा अनुसन्धान गरी आवश्यक कारवाही अगाडि बढाइने छ भन्नुभयो । उहाँले आयोग नेपाल सरकारलाई सहयोग नै गर्ने एउटा महत्वपूर्ण अंगको रुपमा क्रियाशील रहेको र यसबाट Construction business मा सुशासन कायम गर्नुपर्ने अवस्था देखिएकोले आयोग सक्रिय रहेको कुरा व्यक्त गर्नुभयो ।

प्रमुख आयुक्त घिमिरेले गाउँमा काम गर्ने सरकारी कर्मचारीको आँखामा नेपाली गरिब किसानले सरकारको अनुहार देखेको हुन्छ, कार्यालयका प्रमुखहरु सुशासन कायम गर्ने कुरामा कतै नचुकी कार्यप्रक्रियालाई सरल बनाइदिने हो भने सुशासन कायम गर्न सहयोग पुग्दछ भन्नुभयो । उहाँले आयोग विकासका कार्यमा बाधक नभइ साधकको भूमिकामा रहेको छ, तर त्यसको अर्थ भ्रष्टाचारलाई छुट हुनुपर्छ भन्ने होइन भन्दै अहिलेको अहं प्रश्न र चुनौती भनेको गाउँका जनतालाई घिसारेर सेवाको वरिपरि सदरमुकाम ल्याउनुहुन्छ कि जनताको ढोकामा सेवा लिएर जानुहुन्छ यसको उत्तर खोज्नुपर्ने भएको छ भन्नुभयो ।

सोही कार्यक्रममा आयोगका सचिव महेश्वर न्यौपानेले भ्रष्टाचार नियन्त्रणका बिबिध प्रयासका बाबजुद् पनि भ्रष्ट प्रवृत्ति नरोकिएको बताउँदै सबै क्षेत्रले भ्रष्टाचार नियन्त्रणका लागि पहल र प्रयास गर्न जरुरी रहेको बताउनुभयो । आयोगको कार्यप्रक्रियाको बारेमा जानकारी गराउदै सचिव न्यौपानेले निर्णय नलिनु र निर्णय पन्छाउनु पनि भ्रष्टाचार भएकोले सुविचारित र असल नियतले भएको काममा उजुरी परेकै कारण काम नै अगाडि नबढाउनु गलत हो भन्नुभयो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराका कार्यालय प्रमुख काशीराज दाहालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा आयोगका सह-सचिव कालीप्रसाद पराजुलीले उपस्थित महानुभावहरुलाई स्वागत गर्नुभएको थियो भने स्याङ्जा जिल्लाका प्रमुख जिल्ला अधिकारी कोशहरी निरौलाले संक्रमणकालमा सेवा प्रवाहको सम्बन्धमा विचार राख्नुभएको थियो । त्यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराका उपसचिव रमेश ढकालले कार्यालयको कार्यप्रगति उजुरीहरुको अवस्था र प्रकृतिबारे प्रस्तुतिकरण गर्नुभएको थियो ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता